# अनुसूची-२

## (दफा ४ तथा अनुसूची-१ को भाग २ सँग सम्बन्धित)


# स्थानीय राजपत्र

## लम्कीचुहा नगरपालिकावाट प्रकाशित

**खण्डः ६** **संख्याः ९** **मितिः** २०७९/११/०३

**भल्का, कैलाली, सुदूरपश्चिम प्रदेश, नेपाल**


## भाग-२

## नगर विपद् राहत वितरण मापदण्ड २०७९

**प्रस्तावनाः**

लम्कीचुहा नगरपालिकाको विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापन ऐन २०७७ को दफा १९ को उपदफा २ मा भएको व्यवस्था अनुसार प्राकृतिक तथा गैरप्राकृतिक विपदबाट सर्वसाधारणको जनधन,सार्वजनिक,निजि,व्यक्तिगत सम्पत्ती क्षति, प्राकृतिक एवम सास्कृतिक सम्पदा तथा भौतिक संरचनाहरुको क्षति हुदाँ राहत स्वरुप दिइने राहत प्रकियाहरुलाई व्यवस्थित बनाउन बाञ्छनीय भएकोले लम्कीचुहा नगरपालिका विपद् राहत वितरण मापदण्ड २०७९ जारी गरिएको छ ।

### परिच्छेद-१

### संक्षिप्त नाम,प्रारम्भ तथा परिभाषा

१. **संक्षिप्त नाम र परिभाषाः**

१ यस कार्याविधिको नामः लम्कीचुहा नगरपालिका विपद् राहत वितरण मापदण्ड,२०७९

२ यस मापदण्ड लम्कीचुहा नगरपालिका नगरकार्यपालिकाले स्वीकृत गरेको मिति देखि लागु हुनेछ ।

२. **विषय प्रसगंले अर्को अर्थ नलागेमा**

**१** "मापदण्ड" भन्नाले लम्कीचुहा नगरपालिका विपद् राहत वितरण मापदण्ड,२०७९ भन्ने सम्झनु पर्दछ।

**२** "ऐन" भन्नाले लम्कीचुहा नगरपालिकाको विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापन ऐन २०७७ सम्झनु पर्दछ।

**३** "कार्यविधि" भन्नाले लम्कीचुहा नगरपालिकाको नगर विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि २०७७ सम्झनु पर्दछ।

**४** "प्राकृतिक विपद" भन्नाले बाढी,पहिरो,डुबान ,असिना,खडेरी,हावाहुरी,शितलहर,चट्याङ, भुकम्प डडेलो वा यस्तै अन्य प्राकृतिक कारणले उत्पन्न विपद सम्झनु पर्दछ।

**५** "गैरप्राकृतिक विपद" भन्नाले माहामारी,अनिकाल,डडेलो,किट वा सुक्ष्म जिवाणुको आतकं,सर्प दंश,जनावर आतकं,खानी,हवाइ,जल,वा औधोगिक दुर्घटना,विषाक्त ग्यास,रशायन वा विकिरण चुहावट,ग्यास विष्पोटन,विषाक्त खाद्य सेवन,वातावरणिय प्रदुषण, वन विनास वा भौतिक संरचनाको क्षति,आगलागी,प्रकोप उद्धारको कार्यमा हुने दुर्घटना वा यस्तै अन्य गैरप्राकृतिक कारणले उत्पन्न विपद सम्झनु पर्दछ।

**६** "राहत" भन्नाले विपद्को समयमा वा विपदबाट प्रभावित हुन सक्ने अवस्थामा जीवन सुरक्षा गर्न,जिउधन माथि पर्ने असर कम गर्न,मानविय पिडा कम गर्न,मानविय आत्मसम्मान सुनिश्चित गर्न प्रदान गरिने नगद वा जिन्सी सहयोगलाई बुझाउदछ।

## परिच्छेद-२

## पूर्वतयारी तथा भण्डारण

३. **<u>पूर्वतयारी तथा आँकलन:</u>** (१) नगरपालिकाले विपद् प्रभावित व्यक्तिलाई उपलब्ध गराउने राहतका लागि आफ्नो क्षेत्रमा हुन सक्ने विपद्को अवस्थामा सबै निकायसंग समन्वय तथा सहकार्य गरि तत्काल खोज तथा उद्धारकाे काम गर्ने छ ।

(२) नगरपालिकाले उच्च जोखिममा रहेका बस्ती र क्षेत्रहरुको पहिचान गर्नका लागि आवधिक रुपमा विपद् लेखाजोखा (Disaster Assessment) र जोखिमको नक्शांकन (Hazard Mapping) गरी जोखिम न्यूनीकरणका लागि आवश्यक पूर्वतयारीहरु गर्नेछ।

(३) राहत उपलब्ध गराउनका लागि सम्भावित विपद् र यसले पार्न सक्ने प्रभावका सम्बन्धमा भएका अध्ययन अनुसन्धानहरुको आधारमा नगरपालिकाले आफ्नो क्षेत्रमा आवश्यक हुने राहत सामग्रीको आँकलन गरी आवश्यक राहत सामग्रीहरुको भण्डारण गर्ने छ।

(४) उपदफा (३) बमोजिम भए गरेका अध्ययन अनुसन्धानका आधारमा नगरपालिकाले राहत वितरण सम्बन्धी योजना तथा कार्यक्रम तर्जुमा गर्ने छ।

(५) नगर विपद् व्यवस्थापन समितिले विषयगत समिति तथा मानवीय क्षेत्रमा क्रियाशील गैरसरकारी संघसंस्थाको समन्वयमा सम्बन्धित नगरपालिकाको क्षमता, श्रोतको उपलब्ध र स्वयंसेवक

लगायतका जनशक्तिको सूची अद्यावधीक गरी सबै सयन्त्र र संघसंस्थाको जिम्मेवारी तोकिने गरी पूर्वतयारी योजना तयार गर्ने छ।

(६) नगरपालिकाले उच्च जोखिममा रहेका बस्ती र क्षेत्रहरुको पहिचान गरी त्यस्ता बस्ती तथा क्षेत्रहरुको संरक्षण एवं जोखिम न्यूनीकरणका लागि आवश्यक बचाउ तथा रोकथामका कार्यहरु गर्ने छ।

(७) उपदफा (६) बमोजिम उच्च जोखिममा रहेका बस्तीहरुको संरक्षण र जोखिम न्यूनीकरण सम्भव नभएमा नगरपालिकाले विपद्को उच्च जोखिमका स्थानमा रहेका कारण स्थानान्तरण गर्नुपर्ने वस्तीहरु र विपद्का कारणबाट क्षती पुगेका वस्ती र पीडित घरपरिवारको पहिचान गरी तथा सम्भावित स्थानान्तरण गर्न सकिने नजिकको स्थानको पहिचान गरी सूचीसहित प्राथामिकता निर्धारण गरी सम्बन्धित जिल्ला विपद् व्यवस्थापन समिति,प्रदेश विपद् व्यवस्थापन समितिमा पठाउने छ।

(८) नगर विपद् व्यवस्थापन समितिले विपद् प्रभावित व्यक्ति तथा परिवारहरुलाई विपद्को समयमा सुरक्षित बसोबासका लागि उपयुक्त स्थानहरुको पहिचान गरी ती स्थानहरुमा विपद्को समयमा स्थानान्तरण गर्न सकिने विषयको जानकारी सम्बन्धित समुदायलाई समेत गराउने छ।

(९) नगरपालिकाले विपद् प्रभावितको खोज तथा उद्धार गरी सुरक्षित स्थानमा लैजाने र अस्थायी आश्रयस्थलमा बसोबासको व्यवस्था मिलाउन आवश्यक पर्ने सामग्रीको बन्दोबस्ती गरी उपयुक्त भण्डारणको व्यवस्थाका लागि सबै निकायसंग समन्वय तथा सहकार्य गर्ने छ ।

(१०) खोज तथा उद्धार कार्यमा प्रयोग हुने हेवि इक्वीप्मेन्ट,डोजर, क्रेन, आकष्मिक यातायातका साधन; हेलिकप्टर, रबरको डुंगा, वारुणयन्त्र लगायतका अन्य औजार उपकरणको उपयोगका सम्बन्धमा ती सामग्री उपलब्ध भएका सरकारी गैरसरकारी निकायसँग समन्वय गरी विपद्को अवस्थामा तिनको तत्काल उपयोग हुने व्यवस्था मिलाउनको लागि नगरपालिकाले सबै सम्बन्धित निकायसंग समन्वय तथा सहकार्य गर्ने छ।

(११) विपद् प्रभावितहरुलाई सुरक्षित आश्रय स्थलमा राख्नका लागि सम्भव भएसम्म विद्यालय र स्वास्थ्य संस्थाका भवन बाहेक स्थानीय एवं समुदाय स्तरमा भएका खुला स्थान, खुला चौर, सरकारी एवं सामुदायिक भवन वा यस्तै प्रकारका सुरक्षित भवन वा खुला स्थानहरुको पहिचान गर्ने छ।

(१) विपद् प्रभावितहरुलाई आश्रय स्थलमा खानेपानी तथा सरसफाई, पोषण तथा खाद्य, स्वास्थ्य सेवा उपलब्ध गराउनु पर्नेछ। उक्त आश्रय स्थलमा संरक्षण, शिक्षा, आवागमन तथा विद्युतलगायतका सेवाको प्रवन्ध गर्ने छ।

(१) आश्रयस्थल वा अस्थायी शिविर स्थापना एवं सञ्चालन गरिने ठाउँमा वालबालिका, महिला, गर्भवती तथा सुत्केरी, अपाङ्गता भएका व्यक्ति, अशक्त, ज्येष्ठ नागरिक, दीर्घरोगी मैत्री हुनु पर्नेछ।

४. **खोज तथा उद्धारको व्यवस्थापन:** (१) विपद्को अवस्थामा विपद् प्रभावित व्यक्तिहरुको तत्काल खोज तथा उद्धार गर्नका लागि नगरपालिकाले सम्भावित जोखिम, भौगोलिक अवस्था, जनघनत्व र यातायातको सुविधाका आधारमा आवश्यकता अनुसार खोज तथा उद्धार सामग्रीको भण्डारण गर्नु पर्नेछ।

(२)विपद् प्रभावितको खोज तथा उद्धार गरी तिनलाई सुरक्षित स्थानमा लैजाने र आवश्यकता अनुसार अस्थायी शिविर वा आश्रय स्थलमा बसोबासको व्यवसथा मिलाउनु पर्नेछ।

(३) खोज तथा उद्धार कार्यको लागि सम्बन्धित सबै निकायसंग समन्वय सहकार्य गरी आवश्यक खोज तथा उद्धार टोली पहिचान गरी तयारी अवस्थामा राख्नु पर्नेछ।

(४) खोज तथा उद्धार कार्यको लागि आवश्यकता अनुसार नगर विपद् व्यवस्थापन समितिले तत्काल उपयोग गर्न सकिने गरी खोज तथा उद्धार सामग्रीको भण्डारण गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

(५) खोज तथा उद्धार कार्यको व्यवस्थापनको समग्र परिचालन, समन्वय, घटनाको विवरण तथा सूचना संकलन गर्ने आपतकालीन कार्य सञ्चालन केन्द्रलाई सक्रिय गराइनेछ।

५. **राहत सामग्रीको व्यवस्थापन:** (१) नगरपालिकाले विपद् प्रभावित व्यक्तिलाई उपलब्ध गराउने राहतका लागि पूर्वतयारीका साथ आवश्यक राहत सामग्रीहरुको भण्डारण गर्नुपर्नेछ।

(२) नगर विपद् व्यवस्थापन समितिले मानवीय सहायताका सम्बन्धित क्षेत्रमा क्रियाशील रहेका गैरसरकारी क्षेत्रसंग आवश्यक समन्वय सहकार्य गरी विपद् प्रभावितहरुलाई खोज तथा राहत,वितरण गर्ने विषय तथा क्षेत्रगत आधारमा आवश्यक सामाग्रीहरुको व्यवस्थापन र उपयुक्त भण्डारण व्यवस्था मिलाउनु पर्नेछ।

(३) प्रभावितहरलाई उपलब्ध गराउने राहत समाग्रीहरुको भण्डारण गर्दा खाद्य सामाग्री र गैरखाद्य सामग्रीको छुट्टाछुट्टै भण्डारणको व्यवस्था मिलाउनु पर्नेछ।

(४) राहत सामग्री भण्डारणको व्यवस्था गर्दा औषधि तथा खाद्य सामग्रीको म्याद गुज्रिने अवस्थामा प्रतिस्थापन प्रणाली (Replacement Mechanism) को व्यवस्थापन एवं अन्य गैर खाद्य तथा औजार उपकरण लगायतका सामग्रीको उपयोग क्षमतामा ह्रास नहुने गरी चालू अवस्थामा राख्ने प्रबन्ध मिलाउनु पर्नेछ।

(५) वालबालिका, महिला , गर्भवती तथा सुत्केरी अपाङ्गता भएका व्यक्ति, अशक्त, ज्येष्ठ नागरिक, दीर्घ रोगी मैत्री राहत सामग्री भण्डारणको प्रबन्ध गर्नुपर्नेछ।

(६)विपद् प्रभावितहरुलाई उपलब्ध गराउन गैरसरकारी वा व्यक्तिगत रुपमा प्राप्त भएको राहत नगर विपद् व्यवस्थापन समितिसँगको समन्वयमा दोहोरोपना नहुने गरी एकद्धार प्रणाली अनुरुप राहत वितरण गर्ने व्यवस्था मिलाईनेछ।

## परिच्छेद ३

## खोज, तथा उद्धार

६. **खोज तथा उद्धारका लागि परिचालनः** (१) नगरपालिकाले विपद् प्रभावितहरुको खोज तथा उद्धार कार्यका लागि जिल्ला तथा सम्बन्धित निकायसंग आवश्यक समन्वय तथा सहकार्य सुरक्षाकर्मी, चिकित्सक, स्वास्थ्यकर्मी र स्वयंसेवकहरुको टोली तत्काल परिचालन गर्नु पर्नेछ।

(२) खोज तथा उद्धारको लागि भण्डारण गरिएका औजार उपकरण एवं आवश्यकता अनुसार अन्य बन्दोबस्तीका सामाग्रीहरु सहित खोज तथा उद्धार टोली परिचालन हुनु पर्नेछ।

(३) विपद् प्रभावितलाई आवश्यक पर्ने अस्पताल (Pre-Hospital Care) र अस्पतालमा गरिने आकष्मिक औषधोपचारको व्यवस्थापन एवं घाईतेलाई सुरक्षित रुपमा अस्पताल पुर्याउन आवश्यक एम्बुलेन्स वा उपयुक्त यातायातको साधनको व्यवस्थापन गर्नुपर्नेछ । आकष्मिक मेडिकल टोली र द्रुत प्रतिकार्य टोली (Rapid Response Team) लाई खोज तथा उद्धार टोलीसँगै परिचालन गर्ने व्यवस्था मिलाउने छ।

(४) विपद्का कारण भत्केका, भत्कने जोखिममा रहेका भवन, संरचना, आवतजावतका लागि असहज स्थान आदि क्षेत्रबाट खोज तथा उद्धार गर्नुपर्ने अवस्थामा नगर विपद् व्यवस्थापन समितिले जिल्ला विपद व्यवस्थापन आवश्यक समन्वय तथा सहकार्य गरेर हेभी इक्वीप्मेण्ट, डोजर, क्रेन, आकष्मिक यातायातका साधन; हेलिकप्टर, एम्बुलेन्स,वारुणयन्त्र,रवरको डुंगा लगायत उपलब्ध अन्य उपकरण तथा औजारको उपयोग गरी खोज तथा उद्धारको कार्य गर्ने छ।

(५) विपद् प्रभावितको खोज तथा उद्धार कार्य एवं राहत वितरण गर्दा वालबालिका, महिला, गर्भवती, सुत्केरी, अपांगता भएका व्यक्ति, अशक्त, ज्येष्ठ नागरिक, दीर्घ रोगीलाई प्राथमिकता दिई खोज तथा उद्धार कार्य गर्ने छ।

(६) नगरपालिकाले विपद्को जोखिमयुक्त स्थानमा बसोबास गरिरहेकालाई सुरक्षित स्थानमा स्थानान्तरण एवं उद्धार गरिएका व्यक्तिहरुलाई सुरक्षित स्थानमा अस्थायी बसोबासको प्रबन्ध मिलाउने छ।

(७) विपद्को कारण विस्तावित भएका तथा उद्धार गरिएका व्यक्तिहरुलाई वातावरणिय प्रभाव, सरसफाई एवं स्वास्थ्यजन्य विविध कारणले हुनसक्ने थप जोखिमबाट जोगाउन सरकारी, निजी तथा गैरसरकारी क्षेत्र, स्वयंसेवक, शिक्षक,विद्यार्थि र समुदायको समेत परिचालन गरि जनचेतनामुलक कार्यक्रम मार्फत सम्भावित जोखिम न्युनिकरण गर्ने छ।

## परिच्छेद-४

## आर्थिक व्यवस्थापन तथा राहत वितरण

७. बजेट विनियोजनः

(१) राहात वितरणका लागि आवश्यक पर्ने आर्थिक स्रोत नगरपालिकामा रहेको विपद् व्यवस्थापन कोषबाट व्यवस्था गरिनेछ। यो कोषमा रकम अपुग भएमा कार्यपालिकाको बैठकबाट निर्णय गरि आवश्यक स्रोतको व्यवस्थापन गरिनेछ।

८. राहत वितरण

विपद् राहत वितरण गर्ने आधार तथा सिमाहरुः

(१) प्राकृतिक विपदजन्य घटनामा परी कुनै व्यक्तिको मृत्यु भएमा मृतकका परिवारलाई राहत स्वरुप प्रति मृतक रु १५०००/-(पन्ध्र हजार मात्र) सम्म

(२) प्राकृतिक विपदमा परि कुनै व्यक्ति बेपत्ता भइ खोजि कार्य गर्दा घटना भएको मितिले ९० दिन सम्म पनि फेला नपरेमा वडा कार्यलयको सिफारिस तथा प्रहरी मुचुल्काको आधारमा एकाघरको नजिकको हकवालालाई रु.१५०००/- पन्ध्र हजार मात्र) सम्म आर्थिक सहयोग उपलब्ध गराइने।

(३) कुनै पनि प्राकृतिक विपद्को घटनामा परि कुनै व्यक्तिको घर खाद्यन्न तथा लत्ता कपडा समेतमा आंशिक वा पुर्ण क्षति भएमा त्यस्तो परिवारलाई तत्काल राहतका लागि नगद रु ५००० वा सो वरावरको खाद्य वा गैरखाद्य सामाग्रि उपलब्ध गराउने छ साथै पुर्ण रुपमा क्षति भएको सन्दर्भमा नगर विपद व्यवस्थापन समितिको निर्णय बमोजिम हुनेछ।

(४) प्राकृतिक विपद मा परेको व्यक्ति घरवहालमा बसेको भए वा व्यापार व्यवसाय गरी बसेको व्यवसाय समेतमा क्षति भइ तत्काल गुजारा टार्न खाद्यान्न समेत नभएका वा दुबै अवस्थाका पिडितलाई प्रतिब्यक्ति रु ५००० वा वरावरको खाद्य वा गैरखाद्य सामाग्रि उपलब्ध गराउने छ साथै पुर्ण रुपमा क्षति भएको सन्दर्भमा नगर विपद व्यवस्थापन समितिको निर्णय बमोजिम हुनेछ।

(५) विपदजन्य घटनाको कारण घाइते भई अस्पतालमा उपचार गराइरहेका व्यक्ति गरिव/अशक्त/असहाय/तथा आर्थिक रुपमा विपन्न रहेमा उपचार खर्च वापत एक पटकका लागि बढीमा रु ५००० आर्थिक सहयोग गर्न सकिनेछ।

(६)नगर विपद् व्यवस्थापन समितिले विपद्को कारण घाइते भई औषधोपचार गराइसकेका घाइते विरामीलाई प्रति घाइते रु. एक हजार र घर फर्कनका लागि निर्धारित यातायात भाडा दर अनुसार एकजना कुरुवा समेतलाई यातायात खर्च उपलब्ध गराउने छ।

(७) विपद्का कारण आफ्नो वासस्थान गुमाई अस्थायी शिविर वा आश्रयस्थलमा बसोबास गरेका विपद् प्रभावितलाई उनीहरु पुनर्स्थापित नहुँदासम्म नगर विपद् व्यवस्थापन समितिको निर्णय अनुसार हुनेछ।

(८) विपद्का कारण घरपालुवा पशुपंक्षी,र तिनका गोठ,फर्म,खोर कृषिबाली लगायतमा क्षति भएमा नगर विपद् व्यवस्थापन समितिको निर्णय अनुसार देहाय बमोजिम हुनेछ ।

| क्र.स | आर्थिक सहयोग गर्ने क्षेत्र | आर्थिक सहयोग गरिने रकम |
|---|---|---|
| १ | गोठ/खोर/ मा क्षति भएमा (आंशिक - पुर्ण) | ५,०००-१५,००० सम्म क्षतिको अवस्था हेरी |
| २ | घरमा क्षति भएमा (आंशिक - पुर्ण) | १५,०००-२५,००० सम्म क्षतिको अवस्था हेरी |

(९) माथि जुनसुकै कुरा उल्लेख भए पनि विपदको प्रकृति हेरी कार्यपालिकाको निर्णय अनुसार थप राहत प्रदान गर्न सकिने छ ।

९. **राहतका लागि समेटिने विपद्:** (१) यस मार्गदर्शन बमोजिम उपलब्ध गराइने राहत देहायका विपद्का घटनामा परेका प्रभावितहरुलाई मात्र समेटिनेछ ।

(क) भूकम्प

(ख) बाढी

(ग) पहिरो

(घ) आगलागी

(ङ) असिनापानी

(च) हुरीबतास

(छ) चट्याङ्ग

(ज) शीतलहर

(झ) हिमपात

(ञ) महामारी

(ट) सर्पदंश

(ठ) जनावर आतङ्क

(ड) खानी,हवाक्ष,जल,औद्यौगिक,सडक दुर्घटना

(ढ) विशाक्त जग्यास,विकिरणको चुहावट

(ण) ग्याँस विस्फोटन

(त) विशाक्त खाद्य सेवन

(थ) भौतिक संरचनाको क्षति तथा प्रकोप उद्धार कार्यमा हुने दुर्घटना

(द) हिमपहिरो

(ध) हिमताल विस्फोटन

(न) अतिवृष्टि,अनावृष्टि

(ऩ) भूस्खलन

(प) डुबान

(फ) आँधी

(ब) तातो हावाको लहर

(भ) ज्वालामूखी विस्फोटन

(म) विपद्का कारण भएको हवाई सडक एवं डुङ्गा दुर्घटनाबाट प्रभावित ।

१०.**विपद् प्रभावितको जीविकोपार्जन सम्बन्धी व्यवस्थाः** (१) विपद् प्रभावितको जीविकोपार्जनमा सहजता ल्याउन एवं निजी व्यवसाय सञ्चालन गर्नका लागि आवश्यक उपयुक्त वातावरणको सुनिश्चितता गर्न नगर विपद् व्यवस्थापन समितिले सरोकारवालाहरु सबै संग सहकार्य गर्ने छ ।

(२) विपद्बाट प्रभावित परिवारको कुनै एक व्यक्तिलाई नेपाल सरकारले सञ्चालनमा ल्याएको/ल्याउने कुनै स्वरोजगार कार्यक्रम तथा नगरबाट सञ्चालन हुने विभिन्न योजना कार्यक्रम सहभागी गराई आफ्नो व्यवसाय सञ्चालन गर्नका लागि प्राथमिकता दिइनेछ ।

(३) नगरपालिकाले विपद् प्रभावितहरुले साविकमा गरी आएको परम्परागत ज्ञान,क्षमता,सिप तथा उनिहरुको रुचिका आधारमा व्यवसायिक पुनर्स्थापना गर्न चाहेमा नगरपालिका आफै/तालुक निकायहरु तथा मानवीय क्षेत्रमा क्रियाशील संघसंस्थाबाट आवश्यक पूँजी, वस्तु, अवसर र कार्यक्रम सहितको रोजगार योजना उपलब्ध गराउने छ ।

(४) क्षमता र रुचिका आधारमा विप् प्रभावित क्षेत्रमा सञ्चालन हुने सिप,विपद् प्रभावितहरुको ज्ञान,विपद् पुनर्लाभ तथा पुननिर्माणसँग सम्बन्धित काममा स्थानीय विपद् प्रभावितहरुलाई प्रथामिकता दिइने ।

(५) विपद् प्रभावितहरुलाई प्रथामिकता राखी उनीहरुको ज्ञान क्षमता अभिवृद्धि गर्नका लागि शिप,प्रभावित क्षेत्रका समुदायलाई रोजगारमूलक एवं सिपमुलक तालिम सञ्चालन गरी स्वरोजगारको अवसर रवातावरण सृजना गरिनेछ ।

११.**सूची अद्यावधीक गर्नुपर्ने:** नगरपालिकाले खोज तथा उद्धार एवं राहत वितरणका लागि परिचालन गरिने सुरक्षाकर्मी, चिकित्सक, स्वास्थ्यकर्मी, विषय विज्ञ एवं अन्य तालीम प्राप्त स्वयंसेवीलगायतका विषय विज्ञ जनशक्तिको पहिचान गरी ती जनशक्तिको सूची (रोष्टर) अद्यावधीक गर्ने र सो विवरण जिल्ला विपद व्यवस्थापन समिति तथा प्रदेश विपद व्यवस्थापन समितिलाई पठाउने छ ।

१२.**अभिलेख व्यवस्थापन र प्रतिवेदन:** (१) नगरपालिकाले खोज, उद्धार एवं राहत वितरणको सम्पूर्ण विवरण अनुसूची १ बमोजिमको ढाँचामा तयार गरी अभिलेख व्यवस्थापन गर्ने छ ।

१३.**<u>सहयोग माग गर्दा पेश गर्नुपर्ने कागजातहरुः</u>**

यस लम्कीचुहा नगरपालिकाको कार्यालयमा दफा ८ बमोजिमको आर्थिक सहयोग प्राप्त गर्न देहाएका कागजातहरु पेश गर्नुपर्ने छ।

(१)निवेदन

(२)सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र

(३)सम्बन्धित प्रहरी चौकिको स्थलगत प्रहरी मुचुल्का तथा प्रतिबेदन

(४)क्षतिको फोटो

(५)आवश्यक भएमा क्षतिको प्राविधिक मूल्याङ्कन

(६)नागरिकताको प्रतिलिपि

(७)अन्य आवश्यक कागजातहरु

१४. **प्रचलित कानुन बमोजिम हुने**

यस अघि वितरण भएको राहत सहायता र सहयोगलाई यस कार्यविधिले बाधा पुगेको मानिने छैन। यस कार्यविधिमा उल्लेख भएका कुराहरु यसै कार्यविधि बमोजिम हुने र अन्य कुराहरुको हकमा प्रचलित कानुन बमोजिम हुने छ।

१५.**बाधा अड्काउ फुकाउन सक्ने**

यस कार्यविधिको कार्यन्वयनमा कुनै किसिमको बाधा अडकाउ आएमा कार्यपालिकाको बैठकले फुकाउन सक्ने छ।

१६. **कार्यविधि संशोधन**

यस कार्यविधि प्रचलित कानुनको प्रतिकुल नहुने गरी कार्यविधि आवश्यकता अनुसार संशोधन गर्न सकिनेछ।

अनुसूची १
(मापदण्डको दफा १२ सँग सम्बन्धित)
राहत वितरण प्रतिवेदनको ढाँचा

लम्कीचुहा नगरपालिका
नगर विपद् व्यवस्थापन समिति

विपद्को घटना: घटनाको मिति:

| **क्र.सं** | **विपद् प्रभावित लाभग्राहीको नाम थर** | **ठेगाना र सम्पर्क नं.** | **राहतको विवरण** | | | | **राहत रकम** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|
| | | | **मृतक राहत** | **विस्थापित राहत** | **घाइते उपचार** | **यातायात खर्च** | | |
| १. | | | | | | | | |
| २. | | | | | | | | |

**नगरकार्यपालिकावाट स्वीकृत मिति : २०७९/१०/२०**

आज्ञाले
शेर बहादुर बुढा
प्रमुख प्रशासकीय अधिकृत